# महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको त्रैमासिक प्रगति

१. उद्यमशिलता विकास तथा वित्तीय पँहुच सम्बन्धी अवधारणा २०७६ स्वीकृत भएको ।

२. प्रदेश नं. ३ का १३ जिल्लाका ३० जना महिला उद्यमीलाई उद्यमशिलता विकास तथा वित्तीय पँहुच सम्बन्धी ३ दिने तालिम सम्पन्न गरियो ।

३. ७ वटै प्रदेशका महिला उद्धमीहरु द्धारा उत्पादित सामग्रिहरुको प्रदेश र राष्ट्रियस्तरको प्रर्दशनीको मापदण्ड स्वीकृत भई लागु भएको ।

४. प्रदेश नं. १ को इटहरीमा महिला उद्धमी द्धारा उत्पादित सामग्रिहरुको प्रदेशस्तरीय प्रर्दशनी सम्पन्न भएको ।

५. हिंसा प्रभावित महिलाहरुको तत्काल राहत उद्धार र पुनर्स्थापनाका लागि नमुना कार्यविधि तयार भएको ।

६. वैदेशिक रोजगारीका सिलसिलामा कुवेत पुगी पीडित भएकी १ जना महिलाको उद्धार गरिएको ।

७. मानव बेचबिखन विरुद्ध प्राप्त निवेदन उपर खोजतलास लगायत आवश्यक कारवाहीका लागि नेपाल प्रहरी मानव बेचविखन अनुसन्धान व्यूरोसंग समन्वय गरिएको ।

८. दूर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई हवाई उद्धार सम्बन्धी परिमार्जित कार्यविधि २०७५ स्वीकृत भई प्रकाशन भएको ।

९. असोज महिनामा विभिन्न जिल्लाका ८ जना ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको सरकारी / नीजि सेवा प्रदायक संस्था मार्फत हालसम्म ६० जनालाइ हवाई उद्धार गरीएको ।

१०. लैंगिक हिंसा विरुद्धको कार्ययोजनाको मस्यौदामाथि सातै प्रदेशका सामाजिक विकास मन्त्री/सचिव एवं सामाजिक विकास महाशाखाका कर्मचारीहरु सँग अन्तरकृया गरी अन्तिम रुप दिने कार्य भईरहेको ।साथै गत वर्ष गरिएको ११ बुँदे सम्झौतापत्र कार्यन्वयनको समिक्षा एवं यो वर्ष १५ बुँदे सम्झौता पत्रमा हस्ताक्षर गरिएको ।

११. कुरीति बिरुद्ध सन्देशमुलक बिज्ञापन सुचना प्रचारप्रसारका लागि रेडियो नेपालसंग सम्झौता भएको ।मानव बेचबिखन सम्बन्धी TVC विभिन्न १० वटा रेडियो TV मा प्रसारण भएको ।

१२. राष्ट्रिय लैंगिक समानता नीतिको मस्यौदालाई अन्तिम रुप दिने कार्य भएको ।

१३. बालक १५७ जना र बालिका ६४ गरी २२१ जना सडक बालबालिकाको उद्धार तथा पुनर्स्थापना गरिएको । बालक ५५ जना र बालिका १२ जना गरी ६७ जनाको पारिवारिक पुनर्मिलन २५. राष्ट्रिय योजना आयोगमा Game Changer Project तयार गरी प्रस्ताव गरिएको ।

१४. अपांगता भएका बालबालिकाहरुको विशेष संरक्षण दिने बाल गृहहरुसंग सहकार्य सम्वन्धि कार्यविधिको मस्यौदा लाइ अन्तिम रुप दिने कार्य भईरहेको ।

१५. सुनिश्चित बाल अधिकार समृद्ध नेपालको आधार नारा सहित बालदिवस भव्यताका साथ सम्पन्न गरिएको।

१६. हराएका ७३८ बालबालिका मध्ये फेला परेका २१४ जना बालबालिका र बेवारिस फेला परेका १३८ बालबालिका गरी ३५२ जना बालबालिकाको उद्धार संरक्षण र परिवारमा पुनर्मलन तथा बाल गृहमा पुनर्स्थापना गरिएको ।

१७. बाल हेल्पलाइन नं. १०९८ सञ्चालन अनुमति प्राप्त विभिन्न ७ वटा गैर सरकारी संस्थाबाट १२ जिल्लामा १२ वटा बाल हेल्पलाइनहरूलाई निरन्तर रूपमा सञ्चालन तथा व्यवस्थापन गरी जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको उद्धार गरी संरक्षण तथा व्यवस्थापन गरिएको ।

१८. जोखिमपूर्ण अवस्थामा रहेका ५२० जना बालबालिकाको आपत्कालीन उद्दार गरी संरक्षण तथा व्यवस्थापन गरिएको ।

१९. ७१ वटा बालगृहको अनुगमन गरिएको। ती मध्य २५ वटाको राम्रो, ३८ वटाको सन्तोषजनक संचालन/व्यवस्थापन भएको पाईएको र ८ बाल गृहको संचालन/व्यवस्थापन मापदण्ड अनुसार नभएकाले त्यहाँ रहेका बालबालिकाहरुलाई उद्दार गर्नुपर्ने अवस्था देखिएकोले ३८जना बालबालिकाको उद्धार गरिएको ।

२०. बाल मन्दिरहरुको अनुगमन निरीक्षण गरी प्रतिवेदन पेश गर्ने कार्यका लागि पूर्वन्यायधिशको अध्यक्षतामा आयोग गठन गरिएको।

२१. विश्व अल्जाईमर्श दिवस माननीय मन्त्रीज्यूको प्रमुख आतिथ्यमा भव्यताका साथ सम्पन्न गरि सचेतना जगाईएको ।

२२. राष्ट्रिय अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुबाट संचालित परियोजनाहरुको अनुगमन कार्यविधि तथा चेकलिष्ट तयार गरि स्विकृत भएको ।

२३. अगैसस र गैससलाई जवाफदेही, मर्यादित र पारदर्शी बनाउन कम्तीमा ५० वटा परियोजनाको अनुगमन गर्ने भनिएकोमा १३वटा परियोजनाहरुको अनुगमन गरिएको ।

२४. विभिन्न कार्यक्रम गरी सामाजिक सेवा दिवस असोज ६ गते भव्यताका साथ सम्पन्न गरी सचेतना जगाईएको ।

२५. गैससका ८२ वटा र अन्तरराष्ट्रिय गै.स.स. का २८वटा परियोजनाहरुको Third party मूल्यांकन गरिएको ।